National News

ALL INDIA RADIO GANGTOK

19:25 hrs 26.03.2025

मुख्य समाचार :-

- लोकसभाले त्रिमुक्त सहकारी विश्वविद्यालय लिधेयक 2025 पारित गरेकोछ।
- केन्द्रिय सहकारिकता मन्त्री अमित शाहले यस विधेयकले ग्रामीण अर्धव्यवस्थालाई सशक्त बनाउनेछ भन्नुभएकोछ।
- संसदले बैंकिंग कानून संशोधन विधेयक 2024 लाई पारित गरेकोछ।
- इलोक्ट्रोनिक्स तथा सूचना प्रोद्योगिकी मनत्री अश्विनी वैष्णवले सरकारले भारतीय साइबर अपराध समन्वय केन्द्रको रिपोर्ट पछी, एक हजार 410 गोमिङ साइट हरूलाई ब्लक गरिदिएको बताउनुभएकोछ।
- प्रधानमन्त्री नरेनद्र मोदीले बिहारको पटनामा सेपक टाकरा विश्व कपमा उत्कृष्ट खेलको प्रदर्शन गरेकोमा भारतीय टीमलाई बधाई दिनुभएकोछ।
- आई पी एल, टि 20 क्रिकेटमा गुवाहाटीको बरसायारा क्रिकेट स्टेडियममा आज राजस्थान राँयलसको भीड़न्त, कोलकाता नाईट राइडर्ससित भई रहेकोछ।

लोकसभा वैष्णव

इलेक्ट्रोनिक्स तथा सूचना प्रोद्योगिकी मन्त्री अश्विनी वैष्णवले भन्नुभएकोछ, सरकारले भारतीय साइबर अपराध समन्वय केन्द्रको रिपोर्ट पछी एक हजार 410 गेमिंग साईटहरूलाई ब्लक गरि दिएकोछ। आज लोकसभामा पूरक प्रश्नहरूको जवाफमा श्री वैष्णवले सट्टेबाजी र जुआ, राज्य सूचीको भाग हो भन्दै, राज्य सरकारसित भएका लागि विधायी ढाँचा बनाउने अधिकार रहेको, भन्नुभयो। केन्द्रले यस बापत कैयन्- पाईलाहरू चालेको छ उहाँले भन्नुभयो।

---

आई पी एल

आई पी एल, टि-20 क्रिकेटमा गुवाहाटीको वरसापारा क्रिकेट स्टेडियममा आज आजस्थान राँयल्सको भीडन्त, कोलकाता नाईट राईडर्ससित भई रहेकोछ। मैच भर्खरै शुरू भएकोछ।

हिजो पंजाब किंग्सले गुजरात टाईटन्सलाई एघार रनहरूले पराजित गरेको थियो। 244 रनको लक्ष्यलाई पछ्याउँदै, गुजरात टाइटन्सले निर्धारित बीस ओबरमा 5 विकेटमा 232 रन बनाएको थियो।

---

## वेव्स

विश्व श्रत्य दृश्य तथआ मनोरञ्जन शिखर सम्मेलन वेव्स ले वैश्विक मीडिया तथा मनोरञ्जन उद्योगमा आफ्नो छाप छोड़न तयार भएकोछ । मुम्बईमा एक देखि चार मई, 2025 सम्म यो सम्मेलन हुन लागि रहेकोछ । 26 मार्च, 2025 अधति आज बाट मीडिया प्रतिनिधि पंजीकरण शुरू भएकोछ जसमा यस महत्वपूर्ण कार्यक्रमलाई कभर गर्न, पत्रकार फोटोग्राफर, कनटेन्ट क्रिएटर तथा मीडिया- कर्मीहरूलाई निमत्याइएकोछ ।

---

## सी बी आई- तलाशी

केन्द्रीय अन्वेषण ब्यूरो- सी बी आईले अहादेव बुक अन्लाइन सट्टेबाजी घोटाला मामिलाको संवधमा, छत्तीसगढ़, भोपाल, केलकाता र दिल्लीका 60 ठाउँहरूमा खोज तलाश गरि रहेकोछ । राजनेता, वरिष्ठ नौकरशाह, पुलिस अधिकारी, महादेव बुकका प्रमुख पदाधिकारी र मामिलामा शामेल हुने संवेद भएका अन्य निजी ब्यक्तिहरूसित संबधित परिसरहरूमा तलाशी गरिन्दैछ । सी बी आईले यो मामिला महादेव बुकको अवैध संचनालनसित संवद रहेको भनेको छ । तलाशीको बेला डिजीटल र दस्तावेजी साक्ष्य भेट्टाइएको र त्यसलाई जप्त गरिएको, सी बी आईले बताएकोछ । तलाशी अभियान जारीछ ।

---

## प्रधानमन्त्री- सेफ्क टाकरा विश्व कप

प्रधानमन्त्री नरेन्द्र मोदीले बिहारको पटनामा, सेपक टकरा विश्व कपमा उत्कृष्ट खेलको प्रदर्शन गर्ने भारतीय टीमलाई बधाई दिनुभएकोछ । मीडिया पोस्टमा श्री मोदीले, पुरूषहरूको रेगु टीमले, भारतका लागि पहिलो स्वर्ण पदक जीतेर इतिहास रचेकोछ, भन्नुभयो । उहाँले सातवटा पदकहरू जीत्ने भारतीय टीमको प्रशन्सा गर्नुभयो ।

---

## एस सी- इलाहबाद उच्च न्यायालय

सर्वोच्च न्यायालयले इलाहबाद उच्च न्यायालयको विवादित आदेश माथि रोक लगाउँदै यो निर्ण्य, असम्वेदनशीलताको परिचायक हो, भनेकोछ। इलाहबाद उच्च न्यायालयको विवादीत आदेशमा के भनिएकोछ भने, अनुचित स्पर्श अथवा अधोवस्त्रसित छेड़खानी गर्नु, दुष्कर्मको प्रयास होइन र अभियोजन पक्षलाई दुष्कर्मको आरोप सिध्द गर्नका लागि यस आवश्यक प्रमाणहरू प्रस्तुत गर्न पर्नेछ। एक रिपोर्ट 54 सेक इलाहाबाद उच्च न्यायालयको 17 मार्चको यस निर्णय विरूध्द 'We the Women of India' नामक संगठनले सर्वोच्च न्यायालयमा यस मामिलालाई उठाएको थियो जसको शीर्ष न्यायालयले संज्ञान लिएको थियो।

---

## रामायण- कन्कलेभ

अन्तर्राषट्रीय रामायण तथा वैदिक अनुसन्धान संस्थानले स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रमा बीकानेर विश्वविद्यलयका कुलपति प्रोफेसर मनोज दीक्षित र गुजराच विश्वविद्यालयका प्रोफेसर नीरजा गुप्ता लगायत सुप्रसिध्द विशेषज्ञहरूले वीडियो कन्फ्रेन्स मार्फत यस कन्क्लेभलाई संवोधित गर्नुभयो।

---

## संशो माहविय- सेपक टाकरा

युवा मामिला तथा खेल मन्त्री डा. मनसुख मांडवियाले बिहारमा आयोजित सेपक टाकरा विश्व कप 2025 मा सातवटा पदक जीतेकोमा टीम इंडियालाई बधाई दिनुभएकोछ। उहांले भन्नुभयो टीमको कड़ा मेहनत र समर्पण देशभरिका महत्वकांक्षी एथलीटहरूका लागि प्रेरणादायी हुनेछ।

---

## आर एस बैंकिंग कानून

संसदले बैंकिंग कानून संशोधन विधेयक 2024 पारित गरेकोछ। राज्यसभाले यसलआई स्वीकृति दिएकोछ लोकसभामा यसलाई बरिलेनै पारित गरिएको थियो। विधेयकमा भारतीय रिजर्व बैंक अधिनियम 1934, बैंकिंग विनियमन अधिनियम 1949, भारतीय स्टेट बैंक अधिनियम 1955, बैंकिंग कंपनी उपक्रमहरूको अधिग्रहण र हस्तान्तरण अधिनियम 1970 अनि बैंकिंग कंपनी उपक्रमहरूको अधिग्रहण र हस्तान्तरण, अधिनियम 1980 मा संशोधन गरिने प्रावधानछ। यस विधेयकको उद्देश्य, बैंक खातामा लामाङ्कित व्यक्तिहरूका लागि वर्तमान विकल्पहरूको संख्या एक देखि बढ़ाएर चार गर्नु रहेकोछ। निर्देश पदहरूका लागि, पर्यन्त ब्याजलाई फेरि परिभाषित गरिन प्रस्ताव पनि विधेयकमाछ।

---

एस सी- Allahabad

न्यायमूर्ति बी आर गवाई अनि न्यायमूर्ति Augustine George masih को पीएले भनेकोछ यसमा इलाहबाद उच्च न्यायालयका न्यायमूर्ति राम मनोहर नारायण मिश्रामा संवेदनशीलताको कमी भएको देखिन्छ । शीर्ष न्यायालयसे यस मामिलामा केन्द्र सरकार तथा उत्तरप्रदेश सरकारसित जवाफ मानोकोछ ।

---

लोकसभा त्रिभुवन

लोकसभामा त्रिभुवन सहकारी विश्वविद्यालय विधेयक 2025 माथि पारित गरेकोछ ।

यस विधेयकमा त्रिभुवन सहकारी विश्विद्यालयको नामले जानिएको ग्रामिण प्रवन्धन आनंद संस्थानलाई स्थापित गरिने प्रावधान गरिएकोछ । यस विधेयकमा यसलाई राष्ट्रीय महत्वको संस्थान घोषिट गरिने पनि प्रावधानछ ।

---

खेलो इंडिया

नयाँ दिल्लीमा खेलो इंडिया पैरा गेम्सको सातौ दिन पावरलिफ्टर्स र टेबल टेनिस खेलाड़ीहरूले शानदार प्रदर्शन गरेकाछन् । पैरा पावरलिफ्टिङ स्वर्चमा दिनेछ बागड़ेले एलीट 107 किलोग्राम वर्गमा स्वर्ण पदक जीते भने दित्पेश लदानीले रजट अनि जोवादर सिंहले कांस्य पदक हासिल गरे । एलीट 86 किलोग्राम वर्गमा अरूणमोलीले स्वर्ण, प्रभावेन शियालले रजट तथा समीमेषन बोहराले कांस्य पदक हात पारे ।

---

त्रिभुवन अमित आह

केन्द्रिय सहकारिता मन्त्री अमित शाहले विधेयकबारे चर्चाको जवाफ दिँदै भन्नुभयो, यस विधेयकले ग्रामीण अर्थव्यवस्थालाई सशक्त बनाउनेछ र स्वरोजगार सृजन तथा साना उद्यमीहरूको बिकासमा सहायक हुनेछ । उहाँले भन्नुभयो, त्रिभुवन सहकारी विश्वविद्यालयको नाम गुजरातमा अमूल कंपनीको आधारशिला राख्ने त्रिभुवन भाई पटेलको नाममा राखिएकोछ ।

---

## विदेश मन्त्रालय- रिपोर्ट

विदेश मन्त्रालयले अन्तर्राष्ट्रीय धार्मिक स्वतन्त्रताबारे अमेरीकी आयोगलाई चिन्ताजनक एकाईको रूपमा नामिक गर्नु भनेकोछ । विदेश मन्त्रालयका प्रवन्टा रणधीर जायसवालले आयोगको हालमा जारी 2025 को वार्षिक रिपोर्टका निष्कर्षहरूलाई खारेज गर्दै आयोगको पक्षपातपूर्ण र राजनीति प्रेरित आकलन जारी गर्ने स्वरूप यधारुप राखिएको, भन्नुभयो ।

आयोगको रिपोर्टमा भारतमा वर्ष 2024 मा अल्पसंख्यकहरू विरूध्द हमलाहरू बढ़ेको दावी गरिएकोछ ।